Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# नेपाल एकीकरणमा बहादुर शाहको योगदान

**डा.ढाकाराम सापकोटा**
उप-प्राध्यापक, इतिहास, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं
इमेल : dhakaramsapkota13@gmail.com
Doi: https://doi.org/10.3126/hisan.v10i1.74905

## सार

*प्रस्तुत अध्ययन नेपालको एकीकरण कार्यमा बहादुर शाहको योगदानका विषयमा केन्द्रीत रहेको छ । कुनै समय विशाल भूभागमा समेटिएको नेपाल मध्यकालको उत्तरार्धसम्म आपुग्दा विभिन्न बाइसी, चौबिसी, सेन र उपत्यकाका मल्ल राज्यहरूमा विभाजन हुन पुगेको थियो । त्यसबेला राज्यलाई पैतृकसम्पती जसरी अंशवण्डा लगाउने समेत गरिन्थ्यो । त्यो भन्दा भिन्नसोच गोरखामा राजा पृथ्वीनारायण शाहले लिए । उनले विभिन्न टुक्रामा विभाजित भएका नेपाल भित्रका राज्यहरूलाई एकीकृत गर्ने अभियान चलाए जुन अभियान पुरा नहुँदै उनको मृत्यु भयो । उनको मृत्युपछि राजपरम्परा अनुसार उनका छोरा प्रतापसिंह शाह राजा भए । उनको छोटो समयमा नै मृत्यु भएपछि नायवीले शासन गर्ने अवस्था सृजना भयो । बहादुर शाह पृथ्वीनारायण शाहका कान्छा छोरा थिए । परिस्थितिवश नायवी बनेर शासन चलाउने जिम्मेवारी उनीमाथि आयो । त्यो पनि कठिन परिस्थितिको परिणाम थियो । जुन परिस्थितीमा जिम्मेवारी लिएको भए पनि आफ्ना पिताले सुरुवात गरेको एकीरकण अभियानलाई उनले अगाडि बढाए । दरवारमा विभिन्न खालका गुठ उपगुठहरू बन्दै गएका थिए । उनले त्यो जालोलाई तोड्न सफल भएपछि मात्र एकीकरण अभियानतिर लागेका थिए । यस अध्यनको उद्देश्य बहादुर शाहले नेपाल एकीकरणमा पुऱ्याएको योगदानमा केन्द्रित रहेको छ । त्यसका लागि एकीकरण अभियानमा बहादुर शाहको भूमिका खोज्ने कार्य गरिएको छ । अध्ययनमा द्धितिय स्रोतको प्रयोग गरी ऐतिहासिक अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनबाट पृथ्वीनारायण शाहले अधुरो छाडेको एकीकरण अभियानलाई बहादुर शाहले पुरा गरेका थिए भन्ने निष्कर्ष रहेको छ । सोही निष्कर्षका साथ बहादुर शाहका कार्यको मूल्याङ्कन गर्दा उनलाई योग्य पिताको सुयोग्य छोरा उपमा दिन सकिने निष्कर्षमा पुगिएको छ ।*

***मुख्य शब्दावली* :** एकीकरण, नायवी, नजरवन्द, फौज, शरण ।

## परिचय

प्राचीन समयदेखि पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय नगर्दासम्म नेपालको राजनीतिक स्वरुप एकनास रहन सकेको थिएन । प्राचीनकालदेखि नै कुनै समय नेपालको सिमाना फराकिलो र कुनै समयमा खुम्चीएको अवस्था रहेको हुँदा एकै किसिमको सिमाना रहेको थिएन । पूर्वमध्यकालमा नेपालको भू-भागमा प्रमुख राज्यहरू दक्षिणमा तीरहुत, मध्यपूर्वमा नेपाल उपत्यका र पशिचममा खस राज्य देखा परेका थिए । पशिचम नेपालको खसराज्यको केन्द्रस्थल कर्णाली प्रदेश थियो । उक्त राज्यको राजधानी जुम्लाको सिंजालाई बनाइएको थियो । कर्णाली प्रदेशमा खसमल्ल राजाहरूको शक्ति घट्दै गएपछि त्यहाँ रहेका विविध भौगोलिक क्षेत्रका सामन्तहरू स्वतन्त्र भई राज्यहरू स्थापना गरेका थिए । नेपाल एकीकरणपूर्व स्वतन्त्ररुपमा छरिएर रहेका कर्णाली प्रदेशका स-साना राज्यहरूलाई बाइसी राज्यका नामले चिनिन्थ्यो (सुवेदी, २०५५ : १) । गण्डकी प्रदेशमा चौबिसी राज्यहरू थिए । ती चौबिसी राज्यहरू गोरखादेखि पशिचम प्युठानसम्म फैलिएका

थिए (चालिसे, २०४८ : १६) । तुलनात्मक रुपमा चौबिसी राज्यहरूमध्ये पाल्पा बलियो राज्य थियो । मुकुन्द सेनले तीन वर्षसम्म लगातार नेपाल उपत्यकामा आक्रमण गरेका थिए (खनाल, २०६१ : ३४) । उनै राजा मुकुन्द सेनको अन्तिम समयमा पाल्पा राज्यको भू-भाग उनका उत्तराधिकारीहरूका बीच अंशबण्डा गरियो ( घिमिरे, २०४५ : ४२) । राजा यक्ष मल्लको समयमा काठमाडौ उपत्यकाको उन्नति चरमोत्कर्षमा पुऱ्याएका थिए । तर उनले कायम गरेको एक सुदृढ केन्द्रीय राज्य उनको मृत्युपछि विस्तारै भक्तपुर, कान्तिपुर ललितपुर, बनेपा आदि स-साना राजनैतिक इकाइहरूमा विभाजित हुन पुगे (भण्डारी, २०४६ : १६५) जसले गर्दा नेपाल एक विशाल र सवल राज्यका रुपमा रहन सकेन ।

लमजुङका राजा यशोव्रह्म शाहका दुई भाइ छोरामध्ये जेठा नरहरी शाह लम्जुङको राजा भएका थिए भने उनका भाई द्रव्य शाहलाई पनि अर्को कुनै ठाउँको स्वतन्त्र राजा बन्ने इच्छा जाग्यो । फलतः आफ्ना हितचिन्तकहरूको मद्दत लिएर आफ्नै हातले तरवार प्रहार गरी गोरखामा रहेको खड्काहरूको राज्य वि.सं.१६१६ मा द्रव्य शाहले आफ्नो नियन्त्रणमा लिए (शर्मा, २०५१ : २३) । यसरी शाह बंशले शासन गरेको यस राज्यमा १७९९ मा पृथ्वीनारायण शाह राजा भए । उनी राजा भएपछि विभिन्न टुक्रे राज्यमा विभाजित नेपाललाई एकीकरण गर्ने अभियान चलाए । आफ्नो ३१ बर्षको शासनकालमा एकीकरण र राष्ट्रियताको जग बसाल्ने काम मात्र गरेनन् १७९९-१८३१ सम्म नेपालको इतिहास भन्नु पृथ्वीनारायण शाहको विजयको इतिहास रह्यो (शर्मा, २०५१ : ६८) । उनको मृत्युपछि उनैका जेठा छोरा प्रतापसिंह शाह १८३१ मा राजा भए । राजा भएको २ वर्षपछि नै उनको मृत्यु भएको हुँदा शासनकाल लामो रहेन । अढाई वर्षका नावालक छोरा रणबहादुर शाहलाई गद्दीमा राखी उनकी विधवा रानी राजेन्द्रलक्ष्मी र भाइ बहादुर शाहले संयुक्त नायबी चलाउन थाले । पाँच महिनासम्म राजेन्द्रलक्ष्मी र बहादुर शाहका बीच मेलमिलाप र सहयोगको वातावरण कायम रह्यो (सुवेदी, २०७८ : १९५) । तर त्यो सम्बन्ध लामो समयसम्म कायम रहेन । उनीहरू बीच फाटो उत्पन्न भयो । बहादुर शाह भारतको बेतियातिर निर्वासित भए । वि.सं.१८४२ मा राजेन्द्रलक्ष्मीको मृत्यु भएपछि बहादुर शाह नेपाल आए र रणबहादुर शाहको नायबी भएर शासन गर्नथाले । ९ वर्ष जति नायवी शासन चलाएका बहादुर शाहले आफ्ना पिताको एकीकरण गर्ने सङ्कल्प पुरा गर्ने कार्य गरे जुन योगदानका आधारमा बहादुर शाहको नायवीकाललाई नेपाल एकीकरणको स्वर्णयुग मान्न सकिन्छ । प्रस्तुत अध्ययनको उद्देश्य यिनै बहादुर शाहले नेपालको एकीकरण कार्यमा गरेको योगदानमा केन्द्रीत रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन पृथ्वीनारायण शाहले सुरुवात गरेको नेपालको एकिकरण अभियानलाई पुरा गर्ने क्रममा बहादुर शाहले खेलेको भूमिका र पुऱ्याएको योगदानका समग्र पक्षको विश्लेषण गरिएको छ । गुणात्मक विधिमा आधारित रहेको यस अध्ययनमा पुस्तकालयी विधि अर्न्तगत द्वितीय स्रोतलाई उपयोग गरिएको छ । लेख ऐतिहासिक विषयबस्तुसँग सम्बन्धित भएको हुँदा ऐतिहासिक अध्ययन विधिका आधारभूत पद्धतिमा अन्तर्निहित भएर वर्णनात्मक र विश्लेषणात्मक विधिका माध्यमबाट निष्कर्षमा पुगिएको छ ।

## अध्ययनको विश्लेषण

### संयुक्त नायबीकाल र आन्तरिक कलह

बहादुर शाहको जन्म वि.सं.१८१४ सालको आषाढ महिनामा भएको थियो । पिता पृथ्वीनारायण शाहको मृत्यु हुँदा उनी मात्र १७ वर्षका थिए । नेपालको एकीकरण गर्ने क्रममा पृथ्वीनारायण शाह र उनका भाइ तथा

काकाहरूले समेत भूमिका खेलेका थिए । बुवाको निधनपछि राज्यमा भागवण्डा खोज्छन् की भन्ने आशंका प्रतापसिह शाहमा परेको थियो । त्यसैले प्रतापसिंह शाहले भाइ बहादुर शाह र काकाहरू चौबिसे राज्यहरूसँग मिलेर गोर्खा विरूद्ध कार्य गर्न सक्छन् भन्ने डरले पृथ्वीनारायण शाहको मृत्यु भएको १३ औं दिनको आशौचभित्रै बहादुर शाह र कान्छा चौतरा दलमर्दन शाहलाई नजरबन्द गरे । बहादुर शाहले नजरबन्दी अवस्थामा नै पिताको काजक्रिया गरे (शर्मा, २०५१ : ७३) । गुरू गजराज मिश्रको सल्लाहअनुसार बहादुर शाहलाई कैदबाट मुक्त गरी निर्वासित जीवन बिताउन पाउने आदेश दिइयो (यादव, २०४२ : ९४) । राज्यभिषेकपछि प्रतापसिंह शाहले नयाँ भारदारी गठन गरे । बहादुर शाहको स्थानमा बज्रनाथ पण्डित नियुक्त भए (शर्मा, २०५१ : ७३) । प्रतापसिंह शाहको शासनकालभरी बहादुर शाहले बेतियामा निर्वासित जीवन बिताए । नेपाल दरवारमा गुटबन्दी क्रमशः बढ्दो थियो । शासनसत्ता सम्हालेको दुई वर्ष दश महनिामा नै प्रतापसिंह शाहको मृत्यु भयो । राजा भएका रणबहादुर शाह नावालक भएको हुँदा राजकाज गर्न सक्ने अवस्था थिएन । त्यसो भएको हुँदा उनकी आमा राजमाता राजेन्द्रलक्ष्मी र काका बहादुर शाहमध्ये कसलाई नायबी बनाउने, बहादुर शाहलाई नेपाल बोलाउने कि नबोलाउने भन्ने बिषयमा भारदारहरू बीच आ-आफ्ना गुटलाई बलियो बनाउने उद्देश्यले कुरा उठेका थिए । भारदारका कार्यबाट राजेन्द्रलक्ष्मी खुशी थिइनन् । उनले बहादुर शाहलाई नेपाल आउन पत्र पठाइन् (शर्मा, २०५१ : ७६) । दाजुको मृत्यु भएको २० दिनका दिन बहादुर शाह काठमाडौं आइपुगे । युद्ध र विदेश नीति सम्बन्धी उत्तरदायित्व बहादुर शाहले र बाँकी कार्य राजेन्द्रलक्ष्मीले हेर्ने गरी कार्य विभाजन भयो र दुवैले संयुक्त नायब बनी शासन चलाउन थाले ।

संयुक्त नायवी चलाउन थालेपछि बहादुर शाहले आफ्ना विरोधीहरूमा फुट पैदा गर्नेतर्फ लागे । स्वरुपसिंह कार्की बहादुर शाह काठमाडौं आइनपुग्दै मुग्लान पसिसकेका थिए । बज्रनाथ पण्डितलाई जातिच्युत गरी देश निकाला गरे र परशुराम थापालाई पक्रेर कैद ग**रे** (स्टिलर, सन् १९७५ : १५५) । उनीहरूले नयाँ भारदारी गठन गरी आफ्ना विरोधीहरूलाई पन्छाएर दुबै मिलेर शासन सञ्चालन गरे । त्यतिबेला रणबहादुर शाहको उमेर असाध्यै कच्चा थियो । त्यस्तो मौकामा राजगद्दीमा आफै बसे पनि बहादुर शाहलाई कसैले रोक्न सक्दैनथ्यो । तर बहादुर शाहलाई त्यसो गर्न ठीक लागेन (उपाध्याय, २०८१ : ७३) । राजेन्द्रलक्ष्मीको शंकालु स्वभाव, विलासिता जस्ता कारणले देवर र भाउजुले चलाएको संयुक्त नायवी लामो समयसम्म कायम रहन सकेन । राजेन्द्रलक्ष्मी आफै पनि बहादुर शाहसँग डराउन थालिन् । केही महिनापछि नै राज्यसञ्चालन सम्बन्धमा आपसमा विवाद हुनथाल्यो । बहादुर शाहको बुद्धिमत्ता, योग्यता, राजनैतिक र बीरताबाट परिचितहरूले देवर भाउजुका बीचमा फाटो ल्याउन सक्रिय भए । दाजुको राज्यकालमा निर्वासित हुनु परेको बदला भतिजासँग लिन्छन् भन्ने राजेन्द्रलक्ष्मीका मनमा उठ्यो भने बहादुर शाहका मनमा पुनः निर्वासित हुने आशंकाको बिजारोपण भयो (भण्डारी, २०४६ : ३७१) । त्यो सयमा भारदारहरू स्पष्ट रुपमा दुई समूहमा विभाजित थिए । गुटबन्दीमा लागेका भारदारहरू शक्तिमा पुग्न आ-आफ्ना नेताहरूलाई भए नभएका कुरा सुनाउन थाले (शर्मा, २०५१ : ७७) । राजेन्द्र लक्ष्मी र बहादुर शाह नायवी हासिल गर्नको लागि एक आपसमा शक्ति सङ्घर्ष गर्नथाले । चौबिसी राज्यहरूको एकीकरण कार्यलाई अगाडि बढाउनका लागि बहादुर शाहले गरेको व्यापक सैनिक तयारीलाई राजेन्द्रलक्ष्मीका समर्थन भारदारहरूले रानीका विरूद्धमा सत्ता प्राप्त गर्न सैनिक तयारी गरेको कुरा सुनाउन थाले । रानीले यथार्थ कुरा बुझ्न भन्दा सैनिक भर्नामा रोक लगाउन उचित ठानेर आदेश जारी गरिन् तर बहादुर शाहले सैनिक भर्नालाई जारी नै राखेकाले राजमाता राजेन्द्र लक्ष्मी अझै बढी सशंकित हुन पुगिन् । पृथ्वीनारायण शाहको मृत्युपछि दाजु प्रतापसिंह शाहलाई मार्ने षड्यन्त्र

गरेको झुट्टो अभियोग लगाएर सर्वजीत रानाको सहयोग लिएर राजेनद्र लक्ष्मीले बहादुर शाहलाई नजरबन्द गरिन् (यादव, २०४२ : ९८) ।

बहादुर शाहलाई नजरबन्द गरी राजेन्द्रलक्ष्मी एक्लैले नायबी चलाउन थालिन् । जुन घटनाक्रम सुनेर काशीबाट राजगुरु गजराज मिश्र आएर देवर भाउजुमा मेलमिलाप गराई बहादुर शाहलाई नजरबन्दबाट छुटाए (नेपाली, २०२० : १०८) । त्यसपछि बहादुर शाहमा पनि प्रतिशोधको भावना जाग्यो र एकले अर्कालाई शक्तिहीन तुल्याउन षड्यन्त्र गर्नथाले । बहादुर शाह र उनका समर्थकहरूले राजेन्द्रलक्ष्मी र सर्वजीत रानाबीच अनुचित सम्बन्ध छ भन्ते हल्ला फिजाए (आचार्य, २०२२ : ७८) । बहादुर शाहले सर्वजीत रानासहित उनका सहयोगीहरूको हत्या गर्न लगाए । राजेन्द्रलक्ष्मीलाई चाँदीको नेल ठोकी राजदरवार भित्रै कैदी बनाएर शासनको बागडोर आफ्नो हातमा लिए (शर्मा, २०५१ : ७८) । सत्तामा आएपछि बहादुर शाहले दरबारको सहमत नभए पनि एकीकरण अभियान अगाडि बढाउने उद्देश्यले तनहुँमा आक्रमण गरे । तनहुँका राजा हरकुमारदत्त सेनले तनहुँ छाडेर भागे । तनहुँ गोरखाको अधिनमा आयो । पाल्पासँग मिली हरकुमारदत्त सेनले तनहुँ फिर्ता लिने प्रयास गरे । सन् १७७९ को युद्धमा बलि बानियाँसहित ६५ जना गोर्खाली सेना मारिए र गोर्खाली सेना पराजित भए । युद्धको यस्तो स्थितिले बहादुर शाह एकदम हडबडाए । त्यसपछि उनी राजधानी छाडेर गोरखामा गएर सैनिक तालिम दिँदा दरबारमा राजेन्द्रलक्ष्मीको प्रभाव बढ्ने र आफूमाथि खतरा हुने तथा राजधानी नछाडेमा सैनिक अभियानमा कमजोरी देखिने दोहोरो समस्या यिनीमाथि पर्‍यो । अन्तमा सैनिक अभियानमै सम्पूर्ण ध्यान केन्द्रित गर्ने उद्देश्यले उनी गोरखातिर लागे (यादव, २०४२ : ९८) । त्यही अवसर पारेर राजेन्द्रलक्ष्मी कैदमुक्तभई सत्तामा आउन प्रयत्न गर्न थालिन् । उनले गोप्यरुपबाट कीर्तिमहोद्दाम शाह र बज्रनाथ पौडेललाई पत्र पठाइ उपत्यकामा झिकाइन् । कीर्तिमहोद्दाम शाहले राजेन्द्रलक्ष्मीलाई निर्दोस साबित गराई कैद मुक्त गराइदिए (बैद्य र मिश्र, २०५४ : १०९) । कैदमुक्त भएपछि सन् १७७९ मा राजेन्द्रलक्ष्मीले पुनः सत्ता सम्हाली शक्ति शुदृढ गर्न थालिन् । राजेन्द्र लक्ष्मीले प्रशासनको वागडोर लिएपछि दलजीत शाह आफूमात्र भागेनन् यिनले गोरखामा रहेका बहादुर शाहलाई सूचना दिएर भगाई दिए (आचार्य, २०२२ : ७९) । त्यसपछि राजेन्द्रलक्ष्मीले बहादुर शाहका समर्थकलाई कडा सजाय दिइन् । धन्य खवास र बलभद्र खवासलाई हात्तीले कुल्चाई मारियो । गौरीकान्त र कोटसिंह सुलीमा हालेर मारिए । शिव खत्री भागी पटना पुगे । श्रीहर्ष पन्त र बिजुली पन्त पक्राउ परे । श्रीहर्ष पन्तको मुख डामी सर्वस्व हरणसहित नेपालबाट निश्काशन गरियो । त्यसपछि उनी तनहुँमा गएर बसे (योगी, २०२२ : ४४) ।

आफ्ना विरोधीहरूको दमन गरेर राजेन्द्रलक्ष्मी एक्लै नायब भई शासन सञ्चालन गर्न थालिन् । आफ्नो नायबीकालमा राजमाता राजेन्द्रलक्ष्मीले लमजुङ, तनहुँ, कास्की, पल्लो नुवाकोट, सतहुँ, गह्रौं, रिसिङ आदि चौबिसे राज्य विजय गरी एकीकरण अभियानलाई अगाडि बढाइन् । यसैक्रममा राजेन्द्रलक्ष्मीको शरीरमा क्षयरोगको लक्षण देखापर्‍यो । सन् १७८५ मा रणबहादुर शाहको ब्रतबन्ध गोर्खामा गर्ने निश्चय भयो । ब्रतबन्धमा बहादुर शाहलाई निमन्त्रणा गरियो (शर्मा, २०५१ : ८१) । क्षयरोग लागेकोले दिन प्रतिदिन राजेन्द्रलक्ष्मीको स्वास्थ्य विग्रँदैजाँदा आफ्नो मृत्युपछि छोरालाई समस्या उत्पन्न हुने शंकाले त्रसित हुन थालिन् । त्यसैले ब्रतबन्धमा निमन्त्रणा गरी बोलाइएका बहादुर शाहलाई २ जुन १७८५ मा एक्कासी पक्रेर काठमाडौंदेखि ७ माइल दक्षिणमा पर्ने फर्पिङको जेलमा कडा पहरा दिई राख्ने व्यवस्था मिलाइन् । यो कैद बहादुर शाहका लागि तेस्रोपटक थियो । शक्तिशाली बन्ने कदम चालिरहेको अवस्थामा क्षयरोग लागेर १८४१ श्रावण ८ (२३ जुलाई १७८४) मा राजेन्द्र लक्ष्मीको मृत्यु भयो (स्टिलर, १९७५ : १७२) । त्यो समयमा पनि

राजा नावालक हुनाले नायबको आवश्यकता थियो । अधिकांश भारदारहरू योग्य नायव हुनुपर्छ भन्ने पक्षमा थिए । यस विषयमा निर्णय गर्न दरवारमा एक ठूलो भारदारी सभा गरियो । धेरै भारदारहरूले बहादुर शाहलाई नायव बनाउने कुरामा जोड दिए र बहादुर शाह नायवी बनाइए (वैद्य र मिश्र, २०५४ : ११२) । त्यसपछि बहादुर शाहले रणबहादुर शाहको नायब बनेर शासनसत्ता सम्हाल्न थाले ।

## बहादुर शाहको एकीकरण अभियानमा

राजेन्द्रलक्ष्मीको मृत्यु हुँदा रणबहादुर शाह १० वर्षका थिए । उनी आफै शासन सञ्चालन गर्न सक्ने भएका थिएनन् भने त्यो समयमा बहादुर शाह कैदमा थिए । दलजित शाह, अभिमान सिंह लगायतका भारदारहरू बसी सल्लाह गर्दा बहादुर शाहलाई कैदबाट नछोडी केही हुन सक्दैन भन्ने सबैको राय आयो । आखिरमा काजक्रियाको दश दिन भएपछि एघारौं दिनका दिन सपिण्डी गर्नु पर्दा बहादुर शाह कैदबाट मुक्त गरिए । उनले सपिण्डी सकी सबैको राय अनुसार मुख्तियारी पद सम्हाले (आचार्य, २०२२ : ९२) । बहादुर शाहले पहिले दाजु र भाइ तथा भाउजू र देवरका बीच फाटो पार्न षड्यन्त्र गर्ने र आफूलाई विदेशी भूमिमा निर्वासित जीवन व्यतीत गराउन कुचक्र रच्ने भारदारहरूलाई एक एक गरी दमन गरे (भण्डारी, २०४६ : ३७४) । स्वरुपसिंह कार्कीलाई मृत्युदण्ड दिए भने पजनी हुँदा बलभद्र शाहलाई कुनै पद पनि दिएनन् (आचार्य, २०२२ : ९२) । उनले बाबु पृथ्वीनारायण शाहबाट राजनीति सिकेर बुबाको समयमा गोरखाली सेनाका साथ युद्ध गरी व्यवहारिक अनुभव प्राप्त गरेका थिए । सैनिक दृष्टिकोणले दूरदर्शी एवं योग्य सेनानायक भएको हुँदा सेनासँग उनी धेरै लोकप्रिय थिए । निहुँ खोज्नेको शेखी झार्ने तर शरण पर्नेलाई मरण नगर्ने उनको नीति थियो । जुन नीति उनले आफ्ना पिताबाट सिकेका थिए (शर्मा, २०५१ : ८५) ।

बहादुर शाहले आन्तरिक व्यवस्थापन गरेपछि राजेन्द्रलक्ष्मीले थालेको पश्चिमी विजय अभियानतर्फ लागे । पश्चिमका राज्य पर्वत, पाल्पा, इस्मा, प्युठान जस्ता शक्तिशाली राज्य विजय गर्न बाँकी थियो । यी राज्य राजेन्द्रलक्ष्मीको एकीकरण अभियानताका पनि समस्या बनेका थिए । त्यसपछि पनि पाल्पाका सेनराजाले सहायता नदिएको खण्डमा बहादुर शाहलाई चौबिसेराज्य जित्न कठिन थियो । यो कुरा अघिदेखि नै बिचार गरेर आफ्नो कार्यको आरम्भमा त्यसको बन्दोबस्तो मिलाउदै आफूहरूलाई सहयोग गरेको खण्डमा विजित राज्यको केही भाग नजराना स्वरुप दिने गरी प्रतिज्ञापत्र गरेका थिए (उपाध्याय, २०८१ : ७५) । त्यस्तै बहादुर शाहले पाल्पाली राजासित पहिलेदेखि गोर्खालीहरूको सम्बन्ध चलिआएको देखाई त्यसैलाई पुनः कायम राख्न राजा महादत्त सेनकी छोरीसित विवाह गरेका थिए (हेमिल्टन, सन् १९१७ : १८३) । हुन पनि नेपाल एकीकरणका लागि सुरुदेखि नै उनकी फुपू विलास कुमारीले पाल्पासँग वैवाहिक सम्बन्ध राख्नुपर्ने सल्लाह दिएकी थिइन् (आचार्य, २०२२ : ९२) । बहादुर शाहको यो कार्य अत्यन्तै दूरदर्शी, कूटनीतिपूर्ण र व्यवाहारिक थियो । विवाहपछि गोरखा र पाल्पाले एक अर्कालाई सहयोग गर्ने भए । गुल्मी, अर्घाखाँची, धुरकोट, इश्मा, मुसिकोट, पाल्पालाई मालिक मान्दै आएका राज्य थिए । त्यसकारण ती ६ वटा राज्यहरूमा विजय हासिल गरेपछि गोरखाले ती भू-भाग पाल्पालाई नै दिनुपर्ने भएको थियो ।

## पश्चिम विजय अभियान

बहादुर शाहले पाल्पासँग सम्वन्ध सुधार गरी विश्वासमा लिएपछि पश्चिम विजय अभियानको अगाडि बढाए । सन् १७८६ मा गोरखाली सेनाको विजय अभियान चलाउन काली नदीतिर सेना पठाए । गोरखाली पक्षबाट आक्रमण हुँदै गरेको जानकारी पाएपछि अधिकांश चौविसे राज्यहरू सहायता प्राप्त गर्नका लागि पाल्पाका

राजासमक्ष पुगे । तर पाल्पाली राजाले उनीहरूलाई सहायता दिनुकोसट्टा आलटाल गरी सबैलाई अल्मल्याई राखे (उपाध्याय, २०८१ : ७६) । दामोदर पाण्डे र अमरसिंह थापाको नेतृत्वमा गएको सेनाले गुल्मीमा आक्रमण गरे । भयङ्कर युद्ध हुने अनुमान गरेको भए तापनि त्यहाँका राजा भागेकाले बिना युद्ध गुल्मी गोरखाली सेनाको अधिनमा आयो (यादव, २०४२ : १०३) । यसपछि सर्दार अमरसिंह राना दुई कम्पनी फौज साथमा लिएर चन्द्रकोटतर्फ लागे । सुब्बा जोगनारायण मल्ललाई खाँचीमाथि अधिकार गर्न पठाइयो । काजी जीव शाह, काजी शिवनारायण खत्री, सर्दार पारथ भण्डारी आदिले अर्जुगा र रेसुङ्गामाथि आक्रमण गरी तिनलाई आफ्नो अधिकारमा पारे (भण्डारी, २०४६ : ३७५) । विजय अभियान सुरू गरिसकेपछि ढिला गरेमा शत्रुहरू मिल्नसक्ने सम्भावना रहेकाले बहादुर शाहले उत्तरतर्फका भागहरूमा पनि तत्काल आक्रमण गर्न आदेश दिए । त्यसअनुसार धुरकोट र इस्माकोट पनि साधारण युद्धपछि विजय भयो (यादव, २०४२ : १०३) ।

पर्वत आर्थिक र सैनिक दृष्टिकोणबाट सम्पन्न राज्य थियो । तर बहादुर शाहले पाल्पा र पर्वतको सम्बन्ध बिच्छेद गरिदिएकाले पर्वत एक्लै भएको थियो । त्यसबखत पर्वतका राजा कीर्तिबम मल्लको आफ्ना भारदारसँग झगडा थियो । भारदारले कीर्तिबम मल्लका छोरालाई पर्वतको राजा बनाउने योजना बनाएका थिए । आन्तरिक कलह भएको मौका पारी वि.सं.२०४३ असार १२ मा दामोदर पाण्डेको नेतृत्वमा गएका नेपाली सेनाले पर्वतमा आक्रमण गरे । त्यहाँका राजाले आत्मसर्मपण गरे । पर्वत नेपालको अधिनमा आयो (शर्मा, २०५१ : ८४) । त्यो समयमा नेपाली फौजको एक दल कास्कीबाट भीरकोटतर्फ लागेको थियो । उक्त दलले मुस्ताङ, गलकोट र भीरकोट कब्जा गऱ्यो । युद्ध नै नगरी प्युठानले घुँडा टेकेको हुनाले प्युठान सहजै दखल भयो । यसको लगत्तै दाङमाथि पनि विजय भयो । अमरसिंह थापाले बागलुङ् विजय गरी पश्चिमतिर अगाडि बढेर पल्लो मुसीकोट पनि विजय गरे (शर्मा, २०३३ : २३८) । जाजरकोटले युद्ध नगरी सन्धि गरेकोले अमरसिंह थापा त्यहाँबाट फर्केर । बहादुर शाहले एकीकरण अभियान सञ्चालन गरेको ६ महिना भित्रैमा पाल्पा बाहेकका चौबिसी राज्यहरूमा विजय प्राप्त गरे । पश्चिम विजयले खस सभ्यता र संस्कृतिको पूर्वापरवर्ती पक्षमा उचित सिंहावलोकन भएको थियो (यात्री, २०४२ : ८४) । पश्चिमी विजय अभियान पाल्पाको सहयोगले नै सम्भव भएकाले पाल्पालाई इनाम स्वरुप गुल्मी, अर्घा र खाँची प्रदान गरियो (शर्मा, २०३३ : २३८) । गोरखाली राजाको अधिकारमा परेर नेपाल राज्यमा नमिल्दासम्म यी चौबिसे राज्यहरू जुम्लाका अधीनवर्ती भएर उसलाई कर समेत तिर्ने गर्दै आएका थिए (उपाध्याय, २०८१ : २३) ।

## महाकाली क्षेत्रको विजय अभियान

भेरीनदी भन्दा पारी वा पश्चिममा जुम्ला नामक विशाल राज्य थियो । जसलाई पश्चिमको साँचो मानिन्थ्यो । पहिलेको बिशाल जुम्लाराज्य टुक्रिएर बाइसी राज्यहरू खडा भएका थिए । जुम्लाले आफ्नो उन्नतिका दिनमा ७ पटक काठमाडौं उपत्यकामा आक्रमण गरेको थियो । टुक्रिएपछि पनि जुम्लाको धाक रवाफ बढी नै थियो ( अधिकारी, २०४३ : ४७) । बहादुर शाहले बाइसीराज्य विजय गर्न अभिमानसिंह र दामोदर पाण्डेको नेतृत्वमा सेना पठाए । गोरखालीहरूले जुम्ला जित्न जाजरकोटबाट प्रयास गर्नथाले । त्यसका लागि तयारी गर्नमा नै दुई बर्षको समय लाग्यो । यस बीचमा दुल्लु र दैलेख विजय गरे (यादव, २०४२ : १०४) । बहादुर शाहले नेपालको सिमाना भेरी नदीसम्म पुऱ्याएपछि मुखले जुम्लासँग मित्रताको कुरा गर्ने तर व्यवहारमा जुम्लालाई घेराबन्दी गरी एक्ल्याएर नेपालमा गाभ्ने भन्ने नीति लिएका थिए । सन् १७८९ तिर बाँफी र आठबीसेमा विद्रोह भयो । बहादुर शाहलाई जुम्लामाथि आक्रमण गर्ने निहुँ चाहिएको थियो । उक्त विद्रोहले गर्दा निहुँ पनि मिल्यो (अधिकारी, २०५५ : ५१-५५) । सरदार प्रवल राना, काजी शिवनारायण खत्री, भक्ति थापा आदिको

नेतृत्वमा नेपाली सेनाले जुम्लामाथि आक्रमण गरे । जुम्लाका राजा भागेर कम्पनी सरकारको भू-भागमा शरण लिन पुगे । जुम्ला नेपाल राज्य अन्तर्गतको भू-भाग बन्यो (शर्मा, २०५१ : ८४) । डोटी पहिले कुमाउकै क्षेत्रमा भए पनि पछि स्वतन्त्र भएको थियो र अछाममाथि आफ्नो दावी प्रस्तुत गरिरहेको थियो । तर गोरखालीले अछाममाथि आक्रमण गरी विजय गरे । अमरसिंह थापाले कर्णाली नदी तरेर डुम्रीकोट र तारीमघाटमा अछाम र डोटीलाई पराजित गरे (शर्मा, २०३३ : २३८) । त्यसपछि क्रमशः धुर्कोट र नारीकोट विजय गरे (यादव, २०४२ : १०४) । बझाडमाथि पनि गोरखालीले विजय गरी नेपालको सीमाना महाकाली नदीसम्म पुऱ्याए ।

## महाकाली नदीपारिको एकीकरण अभियान

पश्चिम नेपालको महाकाली नदीसम्मको एकीकरण अभियानले प्राप्त गरेको सफलताबाट बहादुर शाहको मनोबल अझै बढ्दै गयो । कुमाउँका राजा मोहन चन्द र मन्त्री हर्षदेव जोशीका बीचमा त्यो समयमा झगडा चलिरहेको थियो । त्यस्तो स्थितिमा कुमाउँ राज्यलाई नेपालमा एकीकृत नगरेमा अवधका नबाबमार्फत कुमाउँ कम्पनी सरकारको मतहतमा जाने सम्भावना भएकोले गोरखाली सेनाले गढवालमाथि आक्रमण गर्ने निर्णय गरे । राज्यमा त्यास्तो झगडा चलेको अवसर पारेर मोहन चन्दका भाइ लालसिंहले दिवान हर्षदेव जोशीलाई राज्यबाट निष्काशन गरी मोहन चन्दका छोरा महेन्द्र चन्दलाई कुमाउँको राजा बनाए । अर्कातर्फ हर्षदेव जोशी त्यहाँबाट सल्यान आएर कुमाउँ बिजय गर्न गोरखाली सेनालाई सहयोग गर्ने बचन दिए । त्यसपछि उनकै सहयोग लिएर जगजित पाण्डे, अमरसिंह थापा र शुरबीर थापाको नेतृत्वमा गएको गोरखाली सेनाले दुईतिरबाट कुमाउँमा आक्रमण गरे (शर्मा, २०५१ : ८५) । लालसिंह गोरखाली सेनाद्वारा घेरिन लागेकाले युद्ध मैदानबाट भागे । यो खवर सुनेर राजा महेन्द्र सिंह पनि राज्य छोडेर भागे ।

हर्षदेव जोशीले कुमाउँका जनतालाई गोरखालीका पक्षमा मिलाउन सहयोग गरे । त्यस्तो स्थितिमा गोरखाली सेना सजिलैसित राजधानी अल्मोडा प्रवेश गरेका थिए । यसपछि कुमाउँ राज्यको सम्पूर्ण भाग गोरखाली सेनाको मातहतमा आयो (यादव, २०४२ : २०५) । यसरी कुमाउँमाथि विजय गरेपछि नेपालको पश्चिम सीमाना कुमाउँ राज्यको पल्लो सीमानासम्म पग्यो ।

कुमाउँ विजय गरेपछि गोरखाली सेना हर्षदेव जोशीलाई साथमा लिएर नदीको किनारै किनारबाट गढवालको राजधानी श्रीनगरतर्फ लागे । गोरखाली सैनिक श्रीनगरतर्फ बढ्दै आएको देखेर त्यहाँका राजा र मन्त्री महाभारतको विकट गढीतर्फ गए । गोरखालीहरूले राजधानी श्रीनगर दखल गरी त्यही बसे (आचार्य, २०२२ : ९८) । त्यतिबेलासम्म गढवालको सम्पूर्ण क्षेत्र विजय भइ सकेको थिएन । त्यसपछि पहाडको गढीमा पनि अधिकार कायम गर्नुपर्छ भनी गोरखालीहरू ती क्षेत्रलाई घेराबन्दी गरे । एक वर्षसम्म यो घेरा कायम रह्यो । फाटफुट लडाइँ पनि भइ नै रहे । एक वर्षपछि पतियाखेतको लडाइमा गोरखालीको हार भयो (आचार्य, २०२२ : ९८) । त्यसै समयमा चीनसँग युद्ध हुने सम्भावना बढेकाले बहादुर शाहले पश्चिम सरहदमा आक्रमण गर्न गएका सेनापतिहरूलाई राजधानी फर्कन आदेश दिए । त्यस्तो स्थितिमा गढवालसँग मैत्री सन्धि कायम गरी गोरखाली फौज नेपाल फर्कियो (योगी, २०२२ : ५८) । सन्धिअनुसार गढवालले वार्षिक ९ हजार रूपैयाँ नेपाल सरकारलाई बुझाउने र गढवालमा नेपालका राजदूत रहने कुरा गढवाली राजाले स्वीकार गरे ।

## निष्कर्ष

पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गर्ने क्रममा भएका केही युद्धहरूमा बहादुर शाह पनि सहभागी भएका थिए । पृथ्वीनारायण शाहको मृत्युपछि दाजु प्रतापसिह शाह र भाउजु राजेन्द्रलक्ष्मीसँग मेल विमेलको

सम्बन्ध रह्यो । वेमेल हुँदा प्रवासमा गएर बस्नु पर्ने अवस्थासमेत सृजना भयो । भारतको बेतिया भन्ने स्थानमा प्रवासमा रहँदा पनि दाजु राजा प्रतापसिंह शाह र नेपालप्रतिको उनको बफादारीमा कुनै कमी आएन । प्रतापसिंह शाहको मृत्युपछि भाउजू राजेन्द्रलक्ष्मीसँग मिलेर एकीकरण अभियानमा जुट्दै गर्दा एकापसमा खटपट देखिएपछि फेरी उनले बेतियामा निर्वासित जीवन विताउनु पर्‍यो । राजेन्द्रलक्ष्मीको मृत्युपछि भतिजा रणबहादुर शाह नाबालक नै भएको हुँदा केही समय उनले नायव भई शासन गरे । त्यही नौवर्षको छोटो अवधिमा उनले नेपालको भू-भागलाई पहिलेको अनुपातमा तेब्बर पारेर बुबा पृथ्वीनारायण शाहको सपना साकार पार्न सफल भए । नौवर्षको नायबीकालमा भएका बहादुर शाहका कार्यहरूको मूल्याङ्कन गर्दा उनको नाम इतिहासमा उल्लेखनीय रहेको साथै बहादुर शाह एक कुशल प्रशासक र रष्ट्रभक्ति भएका व्यक्ति भएको देखिन्छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, सूर्यमणि (२०४३). *पश्चिम नेपालको ऐतिहासिक अन्वेक्षण.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

अधिकारी, सूर्यमणि (२०५५). *जुम्ला राज्यको इतिहास.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

आचार्य, बाबुराम (२०२२). *नेपालको संक्षिप्त वृत्तान्त.* काठमाडौं : प्रमोदशमशेर, नीरविक्रम प्यासी ।

उपाध्याय, अम्विकाप्रसाद (२०८१). *नेपालको इतिहास र रामनगरको इतिहास.* काठमाडौ : इन्डिगो इन्क प्रा.लि.।

खनाल, मोहनप्रसाद (२०६१). *सेन राज्यको राजनैतिक इतिहास.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

घिमिरे, विष्णुप्रसाद. (२०४५). *पाल्पा राज्यको इतिहास (भाग १).* चितवन : पद्मा घिमिरे ।

चालिसे. पुष्पराज (२०४८). *नेपालको पुरानो इतिहास र सभ्यता.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

नेपाल, चित्तरञ्जन (२०२०). *श्री ५ रणबहादुर शाह.* काठमाडौं : श्रीमती मेरी राजभण्डारी ।

भण्डारी, ढुण्डीराज (२०४६). *नेपालको उद्‌भव तथा विकासको विश्लेक्षणत्मक इतिहास.* काठमाडौ : प्रकाश प्रकाशन ।

यादव, पीताम्बर (२०४२). *नेपालको राजनैतिक इतिहास.* राजविराज : महन्थी यादव ।

योगी, नरहरिनाथ (२०२२). *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह (भाग १).* दाङ : इतिहास प्रकाशन मण्डल ।

वैद्य, तुलसीराम र मिश्र, तीर्थप्रसाद (२०५४). *आधुनिक नेपालको इतिहास.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

यात्री नेपाल, पूर्णप्रकाश (२०४२). *सिँजाको ऐतिहासिक रुपरेखा.* काठमाडौ : प्रतिभा पुरष्कार प्रतिष्ठान ।

हेमिल्टन (सन् १९१७). *एन एकाउन्ट अफ द कीङ्डम अफ नेपाल.* न्यू दिल्ली : मन्जूश्री पब्लिसिङ् हाउस ।

स्टीलर, लुड्वीग फादर (सन् १९७५). *द राइज अफ द हाउस अफ गोरखा.* काठमाडौ : रत्न पुस्तक भण्डार ।

शर्मा, बालचन्द्र (२०३३). *नेपालको ऐतिहासिक रुपरेखा.* बनारस : कृष्णकुमारी देवी ।

शर्मा, देवीप्रसाद (२०५१). *आधुनिक नेपालको इतिहास.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, राजाराम (२०५५). *बाइसी राज्यको ऐतिहासिक रुपरेखा.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

सुवेदी, राजाराम (२०७८). *नेपालको तथ्य इतिहास.* काठामाडौं : शिखा बुक्स ।